## कोभिड–१९ को समयमा भूमि अधिकारको संरक्षण र खाद्य सुरक्षा सुनिश्चित गर्न एशियाली गैरसरकारी संस्थाहरुको सञ्जाल (एङ्गक) को वक्तव्य

*कोभिड १९ को विश्वव्यापी महामारीले मानिसका अन्तर्निहित कमजोरी र जोखिमहरू उदाङ्गो पारेको छ । निर्दयी अर्थ व्यवस्थाले मानब विच गहिरो असमानताका साथै वातावरणीय विनाश तिब्र बनेको छ। आवास र जीविकापार्जनका लागि अति आवश्यक भूमि र प्राकृतिक स्रोतहरूको अन्यायपूर्ण वितरण, बढ्दो प्रदूषण र अव्यवस्थित एवं भीडभाडयुक्त शहर, खाना र पोषणको लागि आधारभूत पहुँचको अभाव र विश्वव्यापी स्वास्थ्य सेवाको अभाव आदिले जलवायु परिवर्तनमा पर्न गएको असरको कारण आज पृथ्वी नै संकटपूर्ण अवस्थामा पुगेको छ।*

बन विनासका कारण प्राकृतिक बासस्थानहरुको नोक्शानी र लोप भईरहेको छ । जनावरहरूको प्रजाति र बोटबिरुवाको गैरकानुनी व्यापार अनि मानवप्रवृत्तिका कारण सिर्जित जलवायु परिवर्तनका कारण नयाँ नयाँ रोगहरू उत्पन्न भई फैलिरहेको छ । विभिन्न समयमा देखा परेका यस्ता विश्वव्यापी महामारी जनावरबाट मानिसमा सर्ने गरेको अध्ययनहरुले देखाएका छन् । जनावरहरुको प्राकृतिक वासस्थानमा पुगेको क्षतीले त्यस्ता जनावरहरु खेतबारी, व्यावसायिक र मानव वसोवास भएको क्षेत्रमा आउने मार्ग अनिवार्य हुन पुगेको छ।

वैज्ञानिक र चिकित्सा विशेषज्ञले कोभिड १९ को उपयुक्त उपचारको खोजीमा मिहिनेत गरिरहेका छन् । विश्व समुदाय सार्स–कोभ २ को खोप पत्ता लगाउने कार्यमा तल्लिन भईरहेका छन् । अर्थशास्त्री, प्र्रशासक, राजनीतिक नेताहरूले पनि यस महामारीलाई सामान्य बनाउन लागिपरेका देखिन्छन् । विशेषत मार्च, २०२० देखि विश्वभरका सरकारहरूले यस महामारीलाई मुख्य रूपमा शारीरिक दूरी कायम गर्ने, यात्रा प्रतिबन्धहरू, कर्फ्यू, बन्दाबन्दी र समुदाय क्वारेन्टाइनहरूको माध्यमबाट समाधान गर्ने प्रयास गरिरहेका छन्।

*यद्यपी, कोविड १९ स्वास्थ्य समस्याको रूपमा शुरू भए पनि वर्तमान परिस्थितीले यो महामारी गरीबी, भोक र कुपोषणको रुपमा परिणत भइरहेको छ । जसले साना किसान, कृषि मजदुर, भूमिहीन र मुलत अनौपचारिक क्षेत्रका मजदुर अनि स्लम क्षेत्रमा वस्ने शहरी गरिवहरुलाई बढी असर पुर्याएको छ ।*

कोभिड १९ को प्रकोप अघि सन् २०१८ को एक अध्ययनले विश्वभरमा ८२१ मिलियन मानिस कुपोषित रहेको तथ्य प्रकाशमा ल्याएको थियो । जसमध्ये अधिकांश भोकमरी भोग्नेहरू निम्न आय भएका देशमा बसोबास गरिरहेका छन् । जहाँका १२.९ प्रतिशत जनसंख्या कुपोषीत छन् । [1]

---

[1] According to the "State of food security and nutrition in the world (SOFI)" (FAO, IFAD, UNICEF, WFP and WHO, 2019). See https://www.wfp.org/publications/2019-state-food-security-and-nutrition-world-sofi-safeguarding-against-economic#:~:text=About%20the%20series%3A%20The%20State,challenges%20for%20achieving%20this%20goal

महामारीले खाद्यान्न आपूर्ति श्रृंखला खचमचिएको छ। र बजारमा विभिन्न खाले अवरोध आएका छन्। यसले समग्र खाद्य प्रणाली नै प्रभावित गरेको छ। यत्ति नै बेला कृषि उत्पादन र वितरण गर्ने क्षेत्रमा कार्य गर्नेले रोजगारी गुमाईरहेका छन्। रोजगारी गुमाउनेहरुको क्रयशक्तिमा कमी हुने नै भयो। यसरी विशेषत जो गरिब छन् उनिहरुलाई नै बढि मारमा पर्ने अवस्था छ।

*जमिन, बजार र कृषि सामाग्रीमा पहुँच नभएपछि कृषकको जीविका चलाउन मुस्किल हुन्छ।* साना र ग्रामिण किसानहरु जो जीविकोपार्जनका लागि कृषिको अलावा अन्य काममा पनि भर पर्छन्। उनीहरू बन्दाबन्दीको अवस्थामा हिँडडुल गर्न नसक्दा रोजगारीबाट बञ्चित हुन्छन्। थेरथोर उत्पादन पनि विक्रीमा समस्या हुन्छ। यसले स्वभाविक ढंगले आय कम भई जिविकोपार्जन खुम्चिन्छ। राष्ट्रव्यापी बन्दाबन्दी र व्यापार र यातायातको प्रतिबन्धले खाद्यान्न श्रृंखलालाई बाधा पुरयाएको अवस्थामा एशियाभरिका साना किसानको जीविकोपार्जनलाई संकटपुर्ण बनाएको छ। एशियाका अधिकांश राष्ट्रको अर्थतन्त्र कृषिमा आधारित छ।

*सरकारले नागरिकहरुलाई भाइरसको फैलावट रोक्न घरमै बस्न आग्रह गरेपछि जग्गा र सुरक्षित आवासको स्वामित्वको आवश्यकता पहिले भन्दा अझै महत्वपुर्ण भएको छ।* यातायात प्रतिबन्धको कारण मुलत दैनिक ज्याला मजदुर र अनौपचारिक क्षेत्रका कामदारले आफ्नो आय गुमाउँछन्। यस्ता व्यक्तिलाई डेराको भाडा तिर्न मुस्किल पर्छ। भाडा तिर्न नसकेपछि यही निउँमा उनिहरुलाई डेरा छोड्न बाध्य बनाईन्छ। यस्तो अवस्थामा आवासविहीन र आप्रवासी कामदारहरू सवभन्दा बढि जोखिमीमा पर्छन्। जसले शहरहरूमा रोजगारी गुमाउनुपर्दा गाउँघर फर्कनु पर्ने अवस्था हुन्छ। यस्तो अवस्थामा यातायातको अभावमा बालबच्चा र परिवारका साथ सयौं किलोमिटर हिडेंर फर्केका छन्। नेपालमा पनि काठमाडौंबाट हप्तौंसम्म हिँडेर आफ्नो मुल घर फर्केको समचार पत्रपत्रिकाले छापेका थिए। भारत जहाँ १.३ अरब मानीसको बसोबास छ। इतिहासको सबैभन्दा ठुलो बन्दाबन्दीले लाखौं प्रवासी कामदार बेरोजगार हुन पुगेका छन्। र काम र खाना विना नै ठुला शहरमा फसेका छन्। आगामी दिनमा यसरी जोखिममा पर्नेको संख्या अझै बढेर जाने देखिएको छ।

*सहरी गरिबहरु बढी मारमा–* शहरी गरिव कति स्लम बस्तीमा बस्छन्। अनौपचारिक क्षेत्रमा काम गर्छन्। स्लम बसोवासीको आवास स्थानको कुनै सुरक्षा छैन। वस्ती अव्यवस्थित छ। परिवारको सदस्यलाई सहज हुनेगरी प्रयोग गर्ने ठाउँको अभाव छ। एउटा परिवार र अर्को परिवारबीचको दुरी पनि कायम गर्न सक्ने स्थिती हुने भएन। हावा सहजै ओहोरदोहोर हुदैंन। सामाजिक दुरी कायम गर्ने स्थिती चाहेर पनि हुदैंन। यस्तो ठाउँमा स्वास्थ्य जोखिमहरु फैलने डर बढि हुन्छ। उनिहरुलाई त्यस वरपरका समुदायले जर्वजस्ती विस्थापन गर्ने दाउपेज पनि उत्तिकै हुन्छ। यही वर्गमा स्वास्थ्य प्रकोप बढि हुन्छ। उनिहरुको स्वास्थ्य सेवामा पहुँच पनि कम नै हुन्छ। रोजगारीको सुरक्षाको अभावले उनीहरूलाई मंहगो मुल्यको खाद्य खरिद गरेर जिविकोपार्जन गर्न सम्भव हुदैंन। पौष्टिक खानाको अभावले संक्रमण र जोखिम झनै बढाउँछ।

*कमजोर समूह अझै वेवास्तामा :* गरिब, बुढाबुढी, महिला र वालवालिका, रोगी जो कमजोर छन् उनिहरु नै भाइरसबाट संक्रमित हुने जोखिम बढि हुन्छ। जोखिमको मारमा रहेका यो वर्गमा समुदाय र सरकारको ध्यान पनि कम पुग्ने गरेको पाईन्छ। यस्तो संकटपुर्ण अवस्थामा सरकारको प्राथामिकता तत्कालिन स्वास्थ्यमा बढि जान्छ। दीर्घकालीन खाद्य सुरक्षा प्राथमिकतामा रहने सम्भावना कम हुन्छ। कोभिड १९ का कारण भारतमा विद्यालय बन्द भएसँगै १२० मिलियन भन्दा बढी

बच्चाहरूले आफ्नो दिवा खानाको पहुँच गुमाएका छन । कोभिड–१९ को कारणले लामो समय घरमै बस्नुपर्ने र जिविकोपार्जनको विकल्प साँघुरिदैं जाँदा महिला र बच्चाहरूमाथी हिंसाको घटना पनि बढेको छ ।

पहिले नै यस्तो भविष्यवाणी गरिसकिएको छकि विश्वव्यापी महामारीबाट आउने आर्थिक गिरावटले आधा अर्ब मानिस वा कुल विश्व जनसंख्याको आठ प्रतिशतले विश्वभर नै गरीबी बढ्नेछ । यो सन् १९९० यताकै कहालिलाग्दो आँकडा हो र यस विचमा विश्वव्यापी रुपमा नै धैरै गरीबी बढ्ने आँकलन गरिएको छ ।

***सरकारको चरित्र छोटो अवधिको टालटुले सामाजिक सहयोग कार्यक्रम, गरिबहरूको लागि धेरथोर राहत, र व्यवसायिक घरनालाई फाईदा पुग्ने प्रकृतिका कार्यक्रम सञ्चालन गर्नेमा मात्र गएको हुन्छ । जवसम्म नागरिक र समुदायलाई केन्द्रमा राखेर वर्तमान विकास मोडलकै पुर्नसंरचना गरिदैंन । तवसम्म अल्पकालिन र सतही खालका प्रयासहरुले कुनै नयाँ फड्को मार्दैन् । केही समयपछि उही खालको समस्या दोहोरिने अवस्था आउँछ । यसतर्फ ध्यान दिईएन भने कोभिड १९ को सम्बोधन गर्न गरिएका भनिएका प्रयास फगत एउटा सनातनी कर्म बन्न पुग्छ । विकास सहायता र दाताहरुको अनुदान झालक झुलक जस्तो मात्र हुन पुग्दछ ।***

***खाना र नगद वितरण कार्यक्रमहरूले तत्काल केही मात्रामा भोक कम गर्दछ । तर भोक, अन्याय वा अभावको अन्तर्निहित कारणहरूलाई सम्बोधन गर्दैनन् ।*** सरकारी वा गैरसरकारी क्षेत्रबाट हुने राहत र सहयोगमुखी कार्यक्रमहरु अस्थायी हुन् । यो दिर्घकालिन हुदैंनन् । यसले गरिवीमा बाँचेकाहरुलाई सशक्त बनाउँदै दीर्घकालीन रुपमा गरीबी, भोक र कुपोषणबाट बच्न सक्षम बनाउँछत ? भन्ने प्रश्न पनि उत्तिकै मन्नीय छ । पहिलेदेखि नै न्यून बजेट भएका विकासशील देशहरूले सामान्य रुपमा देश चलाउनलाई पनि चर्को व्याजको वैदेशिक ऋण लिन बाध्य हुने स्थिती आउँछ । यसले राष्ट्रिय ऋण बढाउँछ । जसको हिसाव किताव भावी पुस्ताले वर्षौंवर्षोंसम्म पनि चुक्ता गर्नुपर्ने हुन सक्दछ।

बढ्दो बैदेशिक ऋणसँगै शर्त जोडिएर आएका हुन्छन् । यसले सरकारको प्राथमिकता बदलिन पुग्छ । ठुला व्यापारी र माफियाहरु हावी हुन्छन् । अवैध लगानी भित्रिन्छ । ***अवैध खानीको अनुमती, भूमि कब्जाको माध्यमबाट परिस्थितिको फाइदा उठाउन खोज्ने व्यक्ति र समूहको चलखेल बढ्छ ।*** फिलिपिन्समा मार्च, २०२० यता बन्दाबन्दी पछि मात्र कम्तिमा चारवटा अवैध खानी सञ्चालन शुरु भएको छ । [2]

***एसियाका साना किसानहरू महामारीको बढि मारमा छन्–*** चामल, गेडागुडी, दाल, तरकारी र समुद्री खानाको प्रमुख आपूर्तिकर्ता भए पनि साना किसान र उत्पादकहरू, ग्रामीण श्रमिक र आदिवासी नागरिक उत्पादनका साधनहरू (जस्तै, भूमि, पानी, वन र सामुन्द्रिक तट् ) को पहुँच र नियन्त्रणबाट वञ्चित छन्। जसमा उनीहरू जिविका निर्भर छ । खाद्य उद्योगमा बढ्दो कर्पोरेट नियन्त्रणले एशियाका साना किसानहरूको अवस्थालाई अझ जटिल बनाएको छ । उनिहरु नयाँ चुनौतीको घेराबन्दीमा फसेका छन् । सेवा, ऋण र बजारको पहुँचमा कठिनाई झनै बढेको छ । सरकारी सेवाहरूहरु अनि मूल्य निर्धारण नीतिहरू किसानको हितमा छैनन ।

[2] As shared by Alyansa Tigil Mina during the Webinar on “*COVID-19 in the Age of Extractivism and Climate Change - Voices From the South,”* 22 April 2020, organized by Peoples Dialogue

*राजनीतिज्ञ र नेताहरूले महामारीबाट फाइदा उठाउँदै आफ्नो शक्ति सुदृढ पार्नका लागि सम्पुर्ण ध्यान केन्द्रित गर्छन् यसले असमानतालाई फराकिलो पार्छ र त्यसले भोक र गरिबी निम्त्याउँछ।* धेरै एसियाली मुलुकहरूमा नागरिकहरू र सामाजिक कार्यकर्ताहरूको आवाजलाई दवाउने कार्य भईरहेको छ । राज्यको सैन्यीकरण र सुरक्षाकर्मीको परिचालनबाट असहमतीका स्वरहरु दवाईएका छन् । मिडिया र स्वतन्त्र आवाजलाई सरकार सकभर दवाउन चाहन्छ। फिलिपिन्समा सरकारका आलोचक र अभियानकर्तालाई आतंकवाद विरोधी ऐन, २०२० अगाडि सारेर धम्की दिइने गरिएको छ । यो ऐन यही बन्दाबन्दीको अवस्थामा कुनियतले लागु गरिएको थियो ।

*आज, यदि कोविड १९ ले हामीलाई केहि सिकाएको छ भने त्यो हो हामीले आफ्नो शरिरको प्रतिरक्षा प्रणालीलाई बलियो बनाउनु पर्दछ । यो व्यक्तिगत, परिवार र समुदायको तहमा सामूहिक प्रयासबाट हुन आवस्यक छ ।*

विश्वले भविश्यमा पनि यस्तै संकटहरु बिरूद्ध जुधिरहनु पर्नेछ । तर आजका दिनमा हामीले भावी पुस्ताहरूका लागि सम्भव भएसम्म उत्तम नतिजा सुनिश्चित गर्न सँगै मिलेर काम गर्नुपर्दछ । हामीले हाम्रा सन्तती हुर्कनको लागि उपयुक्त वातावरण दिन सक्नु पर्दछ । भविष्यमा हाम्रा सन्ततीहरु सफल हुने आधार हामीले छोड्नु पर्दछ । अवको हाम्रो प्रयास फेरी पुरानै अवस्थामा मात्र फर्किने खालको हुनुहुदैंन । महामारीको परिस्थिती पछि पहिलेको भन्दा उन्नत र नयाँ रुपान्तरित अवस्था हामी सबैको गन्तव्य हुनुपर्दछ । संयुक्त राष्ट्रसंघका महासचिब एन्टोनियो गुटेरेसले भनेझैं हामीले अवको समाज झन समान, समावेशी र दिगो अर्थतन्त्र अनि उत्थानसिल बनाउनु पर्दछ । जसले कोभिड १९ मात्र हैन जलवायु परिवर्तन र यसले निम्त्याएका अन्य र विश्व समुदायका तमाम चुनौतीहरु सामना गर्न सकियोस् ।[3]

*विकासको वर्तमान ढाँचा पुर्णत परिवर्तन हुनुपर्दछ । जसले मानीस र प्रकृति दुवैलाई न्याय गर्न सक्नुपर्दछ ।* जमिन र प्राकृतिक साधनहरूमा साना उत्पादकहरूको पहुँच र नियन्त्रण हुनुपर्दछ । यि उत्पादकहरुलाई पर्याप्त सरकारी सहयोग हुनु आवश्यक छ । जसबाट पर्याप्त, सुरक्षित, र पौष्टिक खाना उत्पादन गर्न सक्षम हुन सकुन् । यस्तो सहयोगबाट हुने उत्पादन सर्वसुलभ र किफायती होस् । सामान्य नागरिकले पनि उत्पादनको उपभोग गर्न सक्ने स्थिती बनोस् । जैविक विविधता संरक्षणमा आदिवासी जनता र वन आसपास बसोवास गर्नेहरुले खेलेको भूमिकालाई पहिचानको साथै मान्यता दिइनु पर्दछ । नयाँ रोग, महामारी र चुनौतीको सामना गर्न सक्षम बनाउन न्यायिक आर्थिक अवस्था, उचित पारिश्रमीक, र व्यापक सार्वजनिक स्वास्थ्य सेवालाई प्राथमिकतामा राख्नुपर्दछ ।

यदि सबैको लागि खाना सुनिश्चित गर्ने हो भने हामीले खानाको उत्पादक र उपभोक्ताबीचको दुरीलाई कम गर्नुपर्दछ । वर्तमान ढाँचामा पुनर्विचार गर्नु आवश्यक छ । जहाँ उत्पादन, त्यही उपभोगको रणनीतिलाई अंगिकार गर्नुपर्दछ । यसका लागि मुदायमुखी र उत्थानशिल सामना प्रणालीमा लगानी गर्नुपर्दछ ।  अहिलको लगानी ढाँचामा व्यापक रुपान्तरण गरिनुपर्दछ ।

*अवको ढाँचा साना उत्पादकहरुको भूमि र स्रोतमा अधिकार सुनिश्चित गर्ने हुनुपर्दछ ।* स्थानीय बजारहरूको विकासमा ध्यान दिईनु अति आवस्यक छ । जसमा साना उत्पादकहरूको सीधा पहुँच हुन सकोस् । र जहाँ उनीहरूले आफ्ना

[3] Shared responsibility, global solidarity: Responding to the socio-economic impacts of COVID-19 (March 2020). See https://www.un.org/sites/un2.un.org/files/sg_report_socio-economic_impact_of_covid19.pdf



ANGOC

उत्पादनको लागि उचित मूल्य प्राप्त गर्न सकुन् । यसले उत्पादकहरू र उपभोक्ताहरू बीच प्रत्यक्ष सम्बन्ध र र उत्तरदायित्व निर्माण गर्दछ । उपभोक्ताले ताजा उत्पादन प्राप्त गर्दछन् । र उत्पादन भएका उपजहरु एक ठाउँबाट अर्को ठाउँमा लैजाँदा यातायातको कारण उत्पन्न हुने कार्बन उत्सर्जन घटाउनेछ ।

*कृषि सुधार र भू–सम्बन्धको सुरक्षा राष्ट्रिय विकास रणनीतिको अभिन्न अंग हुनुपर्दछ ।* एसियामा आवस्यक खाद्यान्नको सुनिश्चितता, आत्मनिर्भरता र विकास, जमिनको न्यायिक पुनर्वितरणबाट मात्र हुन सक्दछ । यसको साथमा प्रविधी तथा साधनहरुको सहयोग, पर्यावरणीय खेतीपाती, दिगो खेतीपातीको प्रविधी र साधन अनि समुदाय सशक्तीकरणलाई जोडेर लैजानु पर्दछ ।

भूमि, आर्थिक सम्पत्ति वा वस्तु भन्दा धेरै बढी हो। भूमिमा पहुँचले व्यक्ति, परिवार तथा समुदायको आर्थिक सवलीकरणको अलावा मानवीय मर्यादा र सुरक्षाको भावना प्रदान गर्दछ । यसले भोक र गरीबीबाट अलग हुने अवसरलाई पनि बढाउँदछ । जमिनमा न्यायिक र समतामुलक पहुँचले जमिनमा आधारित द्धन्द्धलाई कम गर्छ । बँसाईसँराईलाई रोक्छ । समग्र शान्तीको वातावरणका साथै व्यापक आर्थिक र राजनीतिक स्थिरताको जग बसाउँछ ।

*जमिनमा साना उत्पादकहरूको स्वामित्व र नियन्त्रण हुनुपर्दछ । भूमिमा आदिवासी समुदायहरूको अधिकार सुनिश्चित गरिनु ुपर्दछ । उनीहरूको परम्परागत भूमि व्यवस्थापनको प्रणालीलाई मान्यता दिइनु पर्दछ । यी स्रोतमा आधारित द्वन्द्व कम गर्न र स्रोतको दिगो व्यवस्थापन सुनिश्चित गर्न आवश्यक र अनिवार्य कदमहरू हुन् ।*

*जमिनमा वास्तविक जोताहाको अधिकारको साथै विविधतापूर्ण र दिगो खेतीप्रणाली प्रवद्दन गरिनु पर्दछ ।* ऐतिहास कालदेखी नै साना किसान र उत्पादकहरूले एशियाली कृषि र खाद्य सुरक्षाको मेरुदण्डको रूपमा सेवा गरेका छन्। एसियामा विश्वको ७५ प्रतिशत किसान परिवार र ८० प्रतिशत महिला साना किसानहरु बसोबास गरिरहेका छन् ।

*औद्योगिक कृषिबाट समुदायमा आधारित जैविक खेती प्रणालीमा महशुस हुने गरी परिवर्तन हुनुपर्दछ । जसले प्राकृतिक र स्थानीय स्रोत साधनको प्रयोग गरेर उत्थानशिल स्थिती निमाण गर्दछ* – माटोलाई पुनर्जीवित गर्न, बालीनाली उर्वर बनाउन र कीरासँग लड्न पनि जैविक खेतीको विकल्प छैन्। उचित जैवीक विविधता कायम राख्ने र कार्बन उत्सर्जन घटाउन पनि रासायनिक र महंगो सामाग्री नभई स्थानीइ सामाग्रीमा भर पर्नेगरी खेती गर्नुपर्दछ । यसले किसानहरूलाई ठुलो घाटा लाग्ने अवस्था पनि आउँदैन् । मुल्यमा पनि उतार चढाव कम हुन्छ ।

## *ठोस कार्यको लागि आह्वान*

महामारीले अन्तर्राष्ट्रिय समुदाय, सरकारहरू र नागरिक सबैलाई अविलम्ब र सबै प्रकारका ठोस उपायहरू सहित कार्यका लागि आह्वान गर्दछ ।

## *विश्व समुदायको लागि,*

- हामी सुरक्षित, प्रभावी "कोभिड १९ नागरिक खोप" को विकासका लागि विश्व समुदायलाई आव्हान गर्दछौं। यस्ता खोपहरु सबै राष्ट्र र व्यक्तिहरूलाई पुग्नेगरी व्यापक रूपमा उत्पादन गर्नुको साथै सर्वव्यापी रूपमा पहुँचयोग्य बनाउनुपर्दछ। यो सबै नागरिकलाई निशुल्क उपलब्ध गराउनु पर्दछ। [4] र बौद्दिक सम्पत्ति अधिकारको व्यवस्थाले ढिलासुस्ती र अवरोध आउने अवस्था सिर्जना हुनुहुदैन। हामी सबै राष्ट्र र समूहहरुलाई तत्काल सशस्त्र द्वन्द्व रोकेर युद्धविरामको घोषणा गरी कोभिड १९ महामारीको बिरूद्धको लडाईमा ध्यान केन्द्रित गर्न अनुरोध गर्दछौं।
- महामारी विरुद्धको लँडाईका उपायहरू द्वन्द्व संवेदनशील, गैरभेदभावपूर्ण, र अन्तर्राष्ट्रिय मानव अधिकार कानून र मापदण्दहरूसँग मिल्दो हुनपर्दछ । द्वन्द्व प्रभावित समुदाय, शरणार्थी, विस्थापित व्यक्तिहरू, महिला, वालवालीकाहरु र अशक्त मानिसहरूमा पर्ने ज्यादा जोखिमप्रति संवेदनशील हुन विशेष आग्रह गर्दछौं।
- हामी विकासशील, विशेष गरी आन्तरिक द्वन्द्वबाट ग्रस्त देशहरुको सम्पूर्ण ऋण मिनाहा वा ऋणमा व्यापक छुटका लागि आह्वान गदछौं।
- डिसेम्बर २०१९ मा, संयुक्त राष्ट्र संघ मुख्यालयले २०२१ मा खाद्य प्रणाली सम्मेलन गरी खाद्य प्रणाली अवधारणाको प्रभाव बढाउँदै समग्र दिगो विकासको लक्ष्यसँग जोड्ने र खासगरी जलवायु परिवर्तनका चुनौतीलाई सामना गर्ने, खाद्य प्रणालीलाई समावेशी बनाउने र दिगो शान्तिको प्रवद्र्दन गर्ने घोषणा गरेको छ। तर यसमा साना किसान, उत्पादकहरु, दिगो खेतीपातीका लागि कार्य गरिरहेका नागरिक संगठनहरूको उचित प्रतिनिधित्व र प्रभावी आवाज नभएसम्म यो शिखर सम्मेलनको कुनै अर्थ नरहने स्पष्ट गर्न चाहान्छौं।

## *प्रत्येक सरकारका लागि,*

- खाद्य सहायता र आर्थिक पुर्नलाभका कार्यक्रम बाहेक, कृषि र खाद्य प्रणालीको वर्तमान ढाँचाको पुनर्संरचना र रूपान्तरण गर्न विशेष आग्रह गर्दछौं। यस्तो पुर्नसंरचना सम्बन्धी नीति र कार्यक्रमले साना किसान र उत्पादकहरू, आदिवासी समुदाय र शहरी गरीबहरूको आवश्यकतालाई प्रत्यक्ष सम्बोधन गरिनु पर्दछ।
- सरकारहरूले प्राथमिकताहरू परिवर्तन गर्नुपर्दछ। विशेष गरी गरिबहरुमा पुग्ने असरलाई सम्बोधन गर्न राष्ट्रिय बजेट बढाउनुपर्दछ। भ्रष्टाचार पुर्णत रोकिनु पर्दछ। र सबै प्रकारका साधनहरूको प्रभावकारी उपयोग गरीएको सुनिश्चित गरिनुपर्दछ । त्यस्ता कार्यक्रमहरूको कार्यान्वयनमा पारदर्शिता सुनिश्चित गर्न नागरिक समाजको सहभागिता र मिडियाको स्वतन्त्रता कायम राख्दै अनुगमन संयन्त्रको स्थापना गरिनुपर्दछ।

[4] See GCAP Asia statement, May 2020

- लोकतान्तिक मुल्य र अभ्यास साँघुरिदै गईरहेको र महामारीको क्रममा अझै साँघुरिने खतरा प्रति सचेत रहदैं नागरिक समाज, संगठनहरू, भूमि र मानवअधिकार रक्षकहरू र मिडियाको अधिकारहरूको सम्मान र संरक्षण गरिनु पर्दछ ।
- कोभिड १९ फैलनबाट जोगाउन खाद्य उत्पादन, औजारको सञ्चालन र प्रशोधनमा संलग्न किसानहरू, खेतालाहरू, माछा पालक, आदिवासी मानिसहरू र अन्यको सुरक्षा सुनिश्चित गरिनुपर्दछ । र व्यापक सचेतना अभियान सञ्चालन गरिनु पर्दछ।
- स्वास्थ्य र खाद्य प्रणालीमा महिलाहरूको विशिष्ट भूमिकालाई कदर गरिनु पर्दछ। खाद्य उत्पादन गर्ने, केलाउने, सुकाउने, संरक्षण गर्ने सबै प्रकारका कामदारहरूको योगदानको पहिचान गरिनु पर्दछ । वर्तमान कठिन चुनौतीको सामना गर्न हरेक व्यक्तिको सशक्तिकरण र समुदायहरूबीच एकता बढाउँदै सबैबीच सहयोग र सहकार्य गर्ने वातावरण निर्माण गरिनुपर्दछ ।
- कोभिड १९ को संकट र यस पछिको समयमा पनि सबैभन्दा गरिब र कमजोर व्यक्तिहरूको लागि सामाजिक सुरक्षा प्रदान गरिनुपर्दछ । सबैको लागि गुणस्तरीय र पुग्दो मात्रामा खाद्य अधिकार सुनिश्चित गरिनुपर्दछ।
- विदेश र शहरी क्षेत्रमा अलपत्र परेका र फर्किन चाहने आप्रवासीहरूलाई ग्रामीण क्षेत्रमा सुरक्षित तवरले फर्किन सहयोग पुरयाउनु पर्दछ । कोभिड १९ को परीक्षण र उचित ट्रेसिङ गरी सबैको सुरक्षा सुनिश्चित गरिनुपर्छ ।

### *नागरिक संगठन, समुदाय र नागरिकहरुको लागि,*

- सरकार वा बाहिरी मानवीय सहयोगको अभावमा समुदाय र नागरिक समूहहरूले संकटको अवस्थामा जहिल्यै पनि महत्वपूर्ण भूमिका खेलेको छ । यस्तो अवस्थामा हामी नागरिक समूहहरुलाई सरकारहरूको कोभिड १९ लक्षित गतिविधिहरूको अनुगमन गर्न र वकालत कार्यहरू जारी राख्न प्रोत्साहीत गर्दछौं। कोभिड १९ ले बढि प्रभावित किसान, माछापालक, अनौपचारिक क्षेत्रका कामदार, सीमान्तकृत र कमजोर व्यक्ति, सामुदायिक स्वास्थ्यकर्मी, आदिवासी समुदाय, युवा र महिला समूहहरूसँग मिलेर उनीहरूको आवश्यकतालाई सुनिश्चित गर्न सँगै मिलेर गरिरहेका काम जारी राख्न र यस्तो प्रयासलाई बढाउन अनुरोध गर्दछौं ।
- संकट र आपत्कालिन अवस्थामा सरकार र मानवीय सहयोगकर्ताले गरिरहेको कार्यलाई नागरिक संघसंस्थाले अधिक चनाखो भएर निगरानी गर्नुपर्दछ । महामारीको समयमा नेता र व्यापारीहरुले मानव अधिकारको मापदण्डलाई ध्यान नदिने, भूमि, वन र प्राकृतिक स्रोतहरूमा नियन्त्रण गर्ने खतरा हुन सक्छ। यस विषयमा र जग्गाको द्वन्द्वको मामिलामा निरन्तर अनुगमन गर्न अनुरोध गर्दछौं ।
- हामी नागरिक संगठनलाई समुदाय र जातीयता, राष्ट्रियता, यौनिकता, धर्म, जाति र सामाजिक वर्गको आधारमा हाम्रो समुदाय र व्यक्तिविरूद्धको बढ्दो गलफती, पूर्वाग्रह र भेदभावको प्रतिरोध गर्न प्रोत्साहित गर्दछौं । जब भाइरल संक्रमण वा रोगहरू फैलिन्छन् । कहिलेकाँही यो बढेर जातीय रुप लिन सक्छन् । अल्पसंख्यक र आदिवासी समूह

व्यक्ति जो शरणार्थी, आप्रवासी वा आप्रवासी  कामदारले जातिय भेदभाव, पूर्वाग्रह र भेदभावको सामना गर्नुपर्नेछ । यसको विरुद्दमा हामी उभिनु पर्दछ । र मानव अधिकारको विश्वव्यापी घोषणापत्रलाई आधार बनाउँदै यस्तो परिस्थिती आउन नदिन सचेततापुर्वक भूमिका निर्वाह गर्न ध्यानाकर्षण गर्दछौं ।

- नागरिक समूहले समुदायसँग मिलेर सामूहिक रूपमा छलफल गरी दीर्घकालीन समाधानको लागि हुनेगरी योजना बनाउनु पर्दछ । जसले पुर्नलाभलाई सहयोग पुर्याउनु पर्दछ । जोखिमबाट जोगिने तत्परतालाई सुदृढ पार्न, खाद्य सुरक्षा र आत्मनिर्भरताको सुनिश्चितता गर्न, स्थानीय तहमा नै उत्थानशिला सुनिश्चित गर्न र सबैको दिगो सामाजिक–आर्थिक विकासलाई प्रबर्द्धन गर्न आवश्यक छ । नागरिक समाजले स्थानीय जीविकोपार्जनलाई समर्थन गर्ने दृष्टिकोणले समग्र, विकेन्द्रीकृत, सहभागितामूलक र जलवायु(लचिलो भूमि प्रयोग र विकास योजनाहरू तर्जुमा गर्न राजनीतिक र व्यावसायिक समूहहरू पनि संलग्न गर्नुपर्दछ ।

## *आगामी बाटो*

समय जतिसुकै कठिन र चुनौतीपूर्ण भएपनि नागरिक समूह र संस्थाहरु चुप लागेर बस्न सक्दैनन् । मिल्दैन।  महामारीले हिँडडुलाई खुम्च्याएको छ । यस्तो अवस्थामा पनि स्वंयमसेवी कार्य भईरहनु मुल्यवान छ । व्यक्तिहरु, परिवार, समूह विशेष गरी युवाहरूका बीचमा नागरिक कार्यको भावनालाई प्रोत्साहित गर्नुपर्दछ । यी नागरिक प्रयासलाई समर्थन, निर्देशित र दिगो बनाउनुपर्दछ, ताकि तिनीहरू समाजमा वास्तविक रूपान्तरण गर्ने शक्ति बन्न सकून्।

एङ्गकले आफ्नो सदस्य र सञ्जाल बाहेक पनि कार्य गर्न प्रयास गर्नेछ । संस्थाको अनुभव, सिकाई, नवीन सोच, र प्रमाण–आधारित सुझावहरु आदानप्रदान गर्नेछौं । हामी वर्तमान र भावी पुस्ताहरूका लागि खाद्यान्न र स्वतन्त्रता, रोजगार र न्याय, भूमि र श्रम, शान्ति र समृद्धिको लागि निरन्तर प्रयास गर्ने छौं।

एङ्गक र सदस्य संस्थाहरुले लामो समयदेखि पर्यावरणीय ढाँचामा आधारित खाद्य सम्प्रभुताको पक्षमा वकालत गरिरहेको छ । खाद्य प्रणालीमा लोकतान्त्रिक नियन्त्रण भनेको लोकतन्त्रको अन्तिम गन्तव्य हो ।  कृषिको विकास, खाद्य उत्पादन र उपयुक्त बजार व्यवस्थापन विना खाद्य सुरक्षा सुनिश्चित गर्न सकिदैन।

एङ्गक समुदायस्तरको योजना र कार्यको आधारमा परिवार र  समुदायस्तरमा खाद्य सुरक्षाको आँकलन गर्न ठोस र समुदायमा आधारित जानकारी संकलन गर्दछ ।  समुदायमा आधारित पहलहरूलाई जनता केन्द्रित नीति वकालत र परिचालनसँग जोड्दछ । र यसलाई राष्ट्रिय र क्षेत्रीयस्तरमा पनि विस्तार गर्दछ।

हामी साना खाद्य उत्पादकहरू र उपभोक्ताहरूबीचको दूरी कम गर्न स्थानीय खाद्य केन्द्रहरूको स्थापना गर्न सहयोग पुरयाउँछौं।अन्तमा, हामी अरु नागरिक संगठन र सञ्जालसँग मिलेर यस घोषणालाई प्रसार र छलफलमा ल्याउन प्रयास

गर्नेछौं । एक आपसमा सिक्दै उत्थानसिल र भातृत्व विकास गर्न एशियाभर सदस्य र अन्य सहऋदयीसँगै कार्य गर्न हामी प्रतिवद्ध छौं । □

*अनुमोदन गर्ने,*

Asian NGO Coalition for Agrarian Reform and Rural Development (ANGOC)
Association for Land Reform and Development (ALRD)
Association of Voluntary Agencies in Rural Development (AVARD)
Community Development Assistance (CDA)
Community Self-Reliance Centre (CSRC)
Ekta Parishad (EP)
Konsorsium Pembaruan Agraria (KPA)
NGO Federation of Nepal (NFN)
Philippine Partnership for the Development of Human Resources in Rural Areas (PhilDHRRA)
Sarvodaya Shramadana Movement (SARVODAYA)
South Asia Rural Reconstruction Association (SARRA)
STAR Kampuchea (SK)

*8 September 2020*

*For those interested in signing on to this Statement in the spirit of solidarity, kindly inform the ANGOC Regional Secretariat at angoc@angoc.org.*

*Asian NGO Coalition for Agrarian Reform and Rural Development (ANGOC)*
*33 Mapagsangguni Street, Sikatuna Village, Diliman*
*1101 Quezon City, Philippines*
*angoc@angoc.org*
*+63 2 83510581*
*+63 2 83510011*

**एङ्गकको जनकेन्द्रित दिगो विकास प्रति निरन्तर प्रतिबद्धता**

खाना र स्वतन्त्रता
रोजगार र न्याय
भूमि र श्रम
शान्ति र समृद्धि

खाना न्यूनतम र आधारभूत मानव अधिकार हो । तर यो स्वतन्त्रता बिना अर्थहीन छ । स्वतन्त्रताको विषयले हामीलाई महसुश गराउँछ कि आज हाम्रो प्रयासहरू राजनीतिक स्वतन्त्रतामा मात्र नभई आर्थिक स्वतन्त्रता र अवसरमा पनि केन्द्रित हुनुपर्दछ ।  यसो भएकाले, खाना र स्वतन्त्रता एशियाली सम्पुर्ण समुदायको आधारभूत अधिकार हो।

एशियामा स्वतन्त्रताको एक विशिष्ट मूल्य रहेको छ । सबैको अस्तित्वलाई स्विकार्नु पर्दछ । विगतको साझा गरिबीबाट अघि बढेर भविष्यमा साझा समृद्धिलाई पछयाउनु पर्दछ । न्याय समुदायमा आधारित हुनुपर्छ । विश्व, उदारीकरण र भूमण्डलीकराको प्रभावका बारे चिन्तित छ ।

भूमण्डलीकरणले एशियाको विशाल र विविध भूमि र जल संसाधनहरूको द्रुत गिरावटलाई पनि उत्प्रेरित गरेको छ। त्यसकारण, वातावरणीय आन्दोलनमा सक्रिय भाग लिने एशियाली गैरसरकारी संस्थाहरूले पर्यावरणीय सद्भावका लागि अहिलेको विश्वव्यापी चिन्ताको अभिव्यक्ति जारी राख्नै पर्छ।

धैरै एसियाली किसानहरूको आफ्नै भूमि नभएसम्म उनिहरु एक किसिमको बँधुवा श्रममा बाँधीन पुग्छन् । त्यसकारण सबैको फाइदाका लागि जमिन र मजदुरको व्यापक प्रयोगका लागि भूमि कृषि सुधारको आवश्यकता छ।

मुक्तिको लँडाई र जातीय द्धन्द्धको युगमा हामीलाई जहिले पनि क्षमाशिल संस्कृतीको ़ आवस्यकता र अस्थिस्त सहितको शान्तीको सम्झना हुन्छ । विकास विना शान्ती हासिल हुन सक्दैन्। र शान्ती विना समृद्दि प्राप्त गर्न सकिदैंन।